सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



डाक्टरले मृत घोषणा गरेको १५ घण्टापछि जलाउन लैजान लागिएका प्रताप मुसहर जीवितै । पेज ४ मा

♦ वर्ष ७ ♦ अंक ८७ ♦ २०८० साल मंसीर २६ गते मंगलवार ♦ 12 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## संघियता कार्यान्वयका लागि राष्ट्रिय सहमती अपरिहार्य : काँग्रेस सभापति देउवा

**खबर दर्पण समाचारदाता**

**मंसीर २५ गते, महेन्द्रनगर**



नेपाली कांग्रेसका सभापती शेर बहादुर देउवाले संघियता कार्यान्वयका लागि राष्ट्रिय सहमती अपरिहार्य रहेको भन्दै त्यसका लागि सबै दल मिल्नुको विकल्प नरहेको बताएका छन् । धनुषाको क्षेत्र नं. २ औरही गाँउपालिको औरहीमा त्यस क्षेत्र पूर्वसभापती स्व. राज किशोर सिंहको शालिक अनावरण कार्यक्रममा सहभागी हुन नेपाल आर्मीको हेलिकप्टरबाट धनुषा आएका पुर्व प्रधानमन्त्री देउवाले आफु बढि कुरा गर्न नचाहेको भन्दै संघियता कार्यान्वयन गर्न राष्ट्रिय सहमतीका लागि प्रयास गर्नुपर्ने बताए ।

दुई देखि तिन मिनेट मात्र बोलेका उनले देश संघिय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीमा गइसकेकाले संघियताको सफल कार्यान्वयनका लागि राष्ट्रिय सहमती भए सहज हुने भएकाले आफु त्यसका लागि पहल गर्ने बताए ।

त्यस अघि बोलेका पार्टीका पुर्व उपसभापति विमलेन्द्र निधीले कुनै पनि सरकार सञ्चालनका लागि सुरक्षा र प्रशासनिक निकाय नभई नहुने मान्यता समेत नेपालको प्रदेश सरकार का हकमा हुन नसक्नु दुःखद रहेको बताए ।

निधिले प्रहरी समायोजन गरी सातवटै प्रदेशलाई आफ्नो प्रहरी प्रशासन हस्तान्तरण गर्न आवश्यक रेहेका बताए । उनले संविधान जारी भएपछि दुई पटक चुनाव भईसक्दापनि प्रदेशहरु सित आफ्नो प्रहरी प्रशासन र कर्मचारी नभएका कारण प्रदेश सरकारले गर्नुपर्ने काम गर्न नसकिरहेको बताए । भारतमा समेत हरेक प्रदेशको आफ्नै प्रहरी प्रशासन रहेको उदाहरण दिँदै नेता निधिले अब कांग्रेसको एजेन्डा भनेको प्रहरी समायोजन, निजामती कर्मचारी हस्तान्तरण र स्थानी तहलाई अधिकार सम्पन्न गराउनु हुने जानकारी दिए ।


उनले आफुले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रदेश सरकारहरुलाई तत्कालै प्रहरी संगठन हस्तान्तरण गरि संघियता कार्यान्वयको पहिलो कदम अगाडि चाल्न ध्यानाकर्षण गराईसकेको बताए । उनले संघियता कार्यान्वयका लागि तत्कालै तिन मुख्य काम प्रदेश सरकार मातहत प्रहरी संगठन, प्रशासनिक संरचना र राजनितिक, आर्थिक अधिकार सहितको सवल स्थानिय तहको सुनिश्चितता गर्न संघिय सरकार

*बाँकी पृष्ठ २ मा*

## जनकपुरधाममा आज देखि विवाहपञ्चमी महोत्सव सुरु

**खबर दर्पण समाचारदाता**

**मंसीर २५ गते, महेन्द्रनगर**



जनकपुरधाममा सीताराम विवाहपञ्चमी महोत्सव मंगलवार देखि सुरु हुन लागेको छ । प्रत्येक वर्ष एक हप्तासम्म मनाइने सप्ताहव्यापी कार्यक्रम सीताराम विवाहपञ्चमीको तयारीमा अहिले जानकी मन्दिर को सरसजावटदेखि विभिन्न कार्यक्रमहरुको लागि आकर्षक किसिमको पण्डालहरु बनाइने काम भइरहेको छ।

मंसिर २६ गते देखि सुरु हुने विवाहपञ्चमी एक सातासम्म चल्ने भएकाले यसको तयारीको लागि विभिन्न समिति उपसमितिहरु गठन गरी सबै समिति उपसमितिहरुलाई विभिन्न कामको जिम्मा दिइएको थियो।

प्राचीन मिथिलाको राजधानी समेत रहेको जनकपुरधाममा प्रत्येक वर्ष विवाहपञ्चमी मनाइने गरिन्छ। यहाँ विवाहपञ्चमी हेर्न नेपालसहित भारतबाट समेत लाखौँको संख्यामा श्रद्धालु भक्तजनहरु आउने गर्छन्। र यसमा आउनेहरुको संख्यामा दिनानुदिन बढोत्तरी हुँदै गएको छ।

प्राचिनकालमा मिथिलाका राजा जनककी छोरी सीताको विवाह

*बाँकी पृष्ठ २ मा*

## सीमा क्षेत्रमा गोली प्रहार, एक जना युवक घाइते

नेपाल-भारत सीमा क्षेत्र दशगजामा विराटनगरका एक जना युवामाथि गोली प्रहार भएको छ । आइतबार साँझ ५:४० बजे गोली लागेर बविराटनगर ८ मधुमाराका २७ वर्षीय निर्दोष संग्रौला घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय मोरङका डिएसपी रन्जन दाहालका अनुसार निर्दोष आइतबार अपराह्नमा भारत गएका थिए। भारतको रेलवे स्टेशनबाट करिब १०० मिटर टाढा गोली प्रहार भएको हो।

गोली प्रहार हुँदा त्यसको छर्रा निर्दोषको तिघ्रामा लागेको प्रहरीले बताएको छ।

'घाइतेको कोशी अस्पतालमा उपचार भइरहेको छ। उहाँलाई सोधेर हामीले समन्वय गरेर घटनास्थलमा पुग्यौं,' डिएसपी दाहालले भने, '८-१० जना थिए भनिएको छ। हामीले घाइतेसँग धेरै कुरा सोधिसकेका छैनौं।'

घाइते रहेका निर्दोष खतरामुक्त छन्। गोली प्रहार गर्ने व्यक्तिहरूको पहिचान भइसकेको छैन।-खबर दर्पण

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्षलमययच को व्यवस्था ।

# जनकपुरधाममा आज देखि विवाहपञ्चमी...........

अयोध्याका राजा दशरथको जेठा छोरा रामसँग भएको स्मरणमा विवाहपञ्चमी मनाइने गरिन्छ। मंसिर २६ गतेदेखि सुरु हुने सप्ताहव्यापी कार्यक्रम पुस २ गते राम कलेवा गरी सम्पन्न हुन्छ।

एक हप्ता सम्म मनाइने सीतार ाम विवाहपञ्चमी मंसिर २६ गते मंगलवार जनकपुरधाम नगर दर्शनबाट सुरु हुन्छ। नगर दर्शन जानकी मन्दिरको प्रांगणमा मनाइन्छ। त्यस्तै दोस्रो दिन फूलवारी लिला मनाइन्छ जुन विवाह मण्डपको पार्कमा आयोजना हुने जानकी मन्दिरले जनाएको छ ।

त्यस्तै तेस्रो दिन धनुषा यज्ञ, चौँथो दिन तीलकोत्सव, पाँचौ दिन मटकोर, छैठ एव विवाहपञ्चमीको मूल दिन स्वयम्बर र शुभ विवाह र सातौँ दिन राम कलेवा हुन्छ। जसमा जनतीको रुपमा आएका साधु सन्तहरुलाई ५६ व्यञ्जन खुवाई विदाई गरीन्छ। र विधिवत रुपमा एक हप्तासम्म चल्ने विवाहपञ्चमी सम्पन्न हुन्छ।

# संघियता कार्यान्वयका....

संग मांग गरेको र पटक पटक भनेको पनि बताए ।

सो अवसरमा नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले पनि संघियता कार्यान्वयनमा आनाकानी गरिरहेको वर्तमान अवस्थाका विरोधी दलहरुलाई मधेशका जनताले चिन्नु पर्ने बताए ।

कार्यक्रममा बोलेका पार्टीका मधेश प्रदेशका सभापति तथा मधेश सरकारमा पार्टीका अगुवा कृष्ण यादव नेताहरु आनन्द प्रसाद ढुङ्गाना, रामकृष्ण यादव सहितकाले सम्बोधन गर्दै अथक प्रयास, सर्वदलिय सहमती र शहिदको बलिदानीबाट प्राप्त संघियता बचाउन सबै दल एकजुट हुनुपर्ने बताए ।


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


# गोलभैँडाले उचित मूल्य नपाउँदा किसान चिन्तित

**खबर दर्पण समाचारदाता**
**मंसीर २५ गते, बर्दिवास**



उत्पादनयामको सुरुवातमै गोलभैँडाले उचित मूल्य नपाउँदा सर्लाहीका किसान चिन्तित बनेका छन् । भर्खरै फल्न सुरु भएको गोलभैँडाको भाउ ह्वात्तै घटेपछि गोलभैँडा खेती गर्ने किसान निराश बनेका हुन् । यहाँका किसानले अहिले गोलभैँडा प्रतिकेजी १० रुपियाँदेखि १२ रुपियाँमा बिक्री गरिरहेका छन् ।

हरिवन नगरपालिका-२, अत्रौलीका किसान सोनमसिंह तामाङले एक क्रेट गोलभैँडा २५० रुपियाँको दरले बिक्री गरेको बताउनुभयो । एउटा क्रेटमा २५ केजी गोलभैँडा हुन्छ । “शनिबार मात्रै एक क्रेटको २५० रुपियाँको हिसाबले २० क्रेट गोलभैँडा बिक्री गरेँ,” तामाङले भन्नुभयो, “यो मूल्यमा गोलभैँडा बेच्दा हैरान र लगानी खेर जान्छ । जन (कामदार) लाई दिने खर्च र मल तथा विषादीको खर्चसमेत उठ्दैन ।”

जिल्लाका किसानले लगाएको गोलभैँडा अहिले धमाधम पाकेर टिप्ने बेला हुन थालेको छ । गोलभैँडा फल्ने सुरुवातकै समयमा मूल्य नपाउँदा लागत उठाउन मुस्किल पर्ने किसानको गुनासो छ । लालबन्दी नगर पालिका-१०, चन्द्रपुरका किसान राजकुमार मोक्तानले यो बेला गोलभैँडाको मूल्य प्रतिक्रेट छ सयदेखि सात/आठ सयसम्म हुनुपर्नेमा दुई सयदेखि २५० रुपियाँसम्ममा बिक्री गर्नुपरेको गुनासो गर्नुभयो ।

“भर्खरै फल्न थालेको गोलभैँडा क्रेटको छदेखि आठ सयसम्ममा बिक्री हुनुपर्ने हो तर अहिले सुरुमै दुई सयदेखि २५० रुपियाँमा बेच्नु परेको छ,” मोक्तानले भन्नुभयो । अब दिनप्रतिदिन गोलभैँडा पाकेर बजारमा ठुलो परिमाणमा आउन थालेपछि भाउ अझ नपाउने हो कि भन्ने चिन्ता किसानलाई परेको छ ।

सर्लाहीमा उत्तरी भेगको ईश्वर पुर, लालबन्दी, हरिवन र बागमती नगरपालिकामा गोलभैँडाको व्यावसायिक खेती हुने गरेको छ । यहाँका किसानले लालबन्दी, नवलपुर र तीनघरे लच्कामा लाग्ने बजारमा ल्याएर गोलभैँडा बिक्री गर्दै आइरहेका छन् ।

व्यापारीले काठमाडौँको कालीमाटीसहितका ठुला बजार मा पहाडी जिल्लाबाट गोलभैँडा भित्रिएकाले स्थानीय जातको गोलभैँडाले बजार नपाएको बताएका छन् । लालबन्दी बजार का तरकारी व्यापारी मोहम्मद उस्मानले काठमाडौँमा पहाडी जिल्ला र भारतबाट समेत गोलभैँडा भित्रिँदा यताबाट गोलभैँडा पठाउन नसकिएको बताउनुभयो ।

“ठुल्ठुला बजारमा पहाडी भेगका गोलभैँडा धेरै आएकाले यताबाट गोलभैँडा पठाउन सकिएको छैन,” व्यापारी उस्मानले भन्नुभयो, “सबैतिर गोलभैँडा उत्पादन हुन थालेकाले किसानले मूल्य पाउन नसकेका हुन् ।” उहाँले विगत तीन/चार दिनदेखि भने थोरै परिमाणमा काठमाडौँतर्फ गोलभैँडा पठाउन थालिएको जानकारी दिनुभयो ।

-गोप

# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**मिथुन-** सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कर्कट** -समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**सिंह** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कन्या** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ।

**तुला** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृश्चिक** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकार ात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**धनु** - लामो समयपछि रस र ङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुर ताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**मकर** -अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कुम्भ-**प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

# आवश्यक टेलिफोन नम्बरहरु

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# विवाहपञ्चमी महामहोत्सवलाई अन्तराष्ट्रिय करण गर्न अन्नबाट कीर्तिमानी प्रतिमा बनाइँदै

**खबर दर्पण समाचारदाता**
**मंसीर २५ गते, महेन्द्रनगर**



मिथिलाञ्चलको महामहोत्सव विवाह पञ्चमीमा ११ हजार स्क्वायर फिटको अन्नबाट भगवान रामजानकीको प्रतिमा बनाउने गर्ने प्रकृया सुरु भएको छ।

विवाहपञ्चमी महामहोत्सवलाई अन्तराष्ट्रिय करण गर्नका लागि यो शुभ कार्य गर्न लागिएको वृहतर जनकपुरधाम क्षेत्र विकास परिषदका अध्यक्ष शितल साहले बताए।

अध्यक्ष साहले जनकपुरधाममा सीताराम विवाहपञ्चमीका अवसरमा एक सय दुई क्विन्टल अनाज प्रयोग गरी ११ हजार स्क्वायर फिटको सीतारामको प्रतिमा निर्माण थालिएको बताए। यस प्रतिमा निर्माण गर्नको लागि एक सय दुई क्विन्टल विभिन्न किसिमको अन्न प्रयोग गरीने भएको छ।

जनकपुरधामस्थित रङ्गभूमि मैदान (बाह्र बिघा) मा ११ हजार स्क्वायर फिटको सीतारामको प्रतिमा निर्माणको लागि आइतबार साँझदेखि चकले ब्लक बनाउने कार्य सुरु भएको छ।

प्रत्येक वर्ष जनकपुरधाममा हुने विवाहपञ्चमीको अवसर पारेर धार्मिक ऐतिहासिक सहर जनकपुरधामलाई विश्वभर चिनाउन ११ प्रकारका अन्न प्रयोग गरी २१ लाख २३ हजार रुपियाँको लागतमा रङ्गभूमि मैदान (बाह्र बिघा) रामजानकी प्रतिमा स्थापना गर्न लागिएको अध्यक्ष साहले बताए।

प्रतिमा निर्माणमा चामल २५ क्विन्टल, गहुँ छ क्विन्टल, सोयाबिन छ क्विन्टल, चना १८ क्विन्टल, उरद (मास) को दाल १८ क्विन्टल, चना दाल चार क्विन्टल, अरहर चार क्विन्टल, समुर दाल चार क्विन्टल, मकै तीन क्विन्टल, मुमफली दुई क्विन्टल र मुङ दाल १२ क्विन्टल गरी १२ लाख ६८ हजार रुपियाँको ११ प्रकारका अनाज प्रयोग गरिने श्री सीताराम अनाज प्रतिमा निर्माण समितिका संयोजक जितेन्द्र महासेठले जानकारी दिए।

भारतको अयोध्यामा बनाइएको नौ हजार स्क्वायर फिटको र ामजानकीको प्रतिमाबाट प्रेरित भएर जनकपुरधाममा पनि त्योभन्दा ठुलो प्रतिमा बनाउन थालिएको जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले बताए।

मेयर साहले जनकपुरधाममा पर्यटक भित्र्याउन र जनकपुर धामलाई विश्वसामु चिनाउन प्रतिमा निर्माण गर्नु उत्तम उपाय रहेको बताए। प्रतिमा निर्माणमा प्रयोग हुने अनाजमध्ये ९० प्रतिशत अनाज पुनः काम लाग्ने र १० प्रतिशत अनाज पिसेर गौशालामा गाईवस्तुलाई खुवाउन सकिने निर्माण समितिको सल्लाहकारसमेत रहेका साहको भनाइ छ।

ऐतिहासिक रङ्गभूमि मैदान बाह्र बिघाको उत्तरी पूर्वी कुनामा बनाइने प्रतिमा ६ इन्च माटो भरेर समतल बनाई करिब तीन कट्ठा क्षेत्रफलमा कार्पेट ओछ्याएर बनाइँदैछ। प्रतिमा निर्माणका लागि अयोध्यामा रामसीताको प्रतिमा बनाई विश्व रेकर्ड बनाएका भारत मध्यप्रदेशका कलाकार सतीश गुर्जरको टोलीले जनकपुरधाम आई काम थालि सकेको निर्माण समितिले जनाएको छ।

आइतबार सुरु गरिएको प्रतिमा निर्माण चार दिनमा सम्पन्न हुने छ। आगामी बुधबारदेखि नागरिकले प्रतिमा हेर्न सक्ने प्रतिमा निर्माण कलाकार सतीश गुर्जरले बताए। प्रतिमा निर्माणका लागि आवश्यक पर्ने अनाज विभिन्न व्यक्ति र सङ्घ संस्थाले सहयोग गरेका छन्।

भारत उत्तरप्रदेशको अयोध्यामा १० हजार ८ सय स्कवायर फिटको अन्नबाट मुर्ती बनाई गिनिजबुक अफ वर्ल्ड रेर्कडमा दर्ता भएको भन्दै विवाह पञ्चमीमा जनकपुरधाममा ११ हजार स्कवायर फिटमा सो मुर्ती बनाएर बिश्व रेकर्ड बनाउदै विवाह पञ्चमीलाई अन्तराष्ट्रिय करण गरिने जनकपुरधामका मेयर मनोज साहले बताए।

जनकपुरधाम वडा नं. ४ बस्ने रुपेश मिश्रकी छोरी गुनगुन मिश्रले भारतिय आजतक च्यानलमा सो मुर्ती बिश्वकिर्तीमान कायम गरेको देखेर जनकपुरधाममा सो भन्दा पनि भव्य र ठुला मुर्ती बनाउनुपर्ने प्रस्तावमा भारतिय कलाकार तथा विज्ञ सतिष गुर्जर सहितको टोली जनकपुरधाम आएर निर्माण कार्य सुरु गरेका हुन्।


सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो। नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो। नहर सफा राख्नु सबैको दायित्व हो। नहरको जमिन अतिक्रमण गर्नु हुँदैन। सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो। नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं। नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ। नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो।

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, धनुषा

औरही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महेत्तरी, औरही, मधेश प्रदेश, नेपाल

जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

पिपरा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी



जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

# जनकपुरधाममा तीन दिन मदिरा तथा माछा/मासु बिक्री वितरणमा रोक



**खबर दर्पण समाचारदाता**
**मंसीर २५ गते, महेन्द्रनगर**

सीताराम विवाहपञ्चमी महोत्सवको अवसरमा जनकपुर धाममा तीन दिन मदिरा तथा माछा/मासुको बिक्री वितरणमा रोक लगाइएको छ ।

मंगलबारदेखि सुरु हुन लागेको विवाहपञ्चमी महोत्सव सुरक्षित, मर्यादित र सौहार्दपूर्ण वातावरणमा मनाउने सन्दर्भमा सोमबार बसेको सरोकार बालासँगको बैठक तथा जिल्ला सुरक्षा समितिको बैठकले मंसिर २८ गते राति १२ बजेदेखि पुस १ गते राति १२ बजेसम्म मदिरा तथा माछा/मासुको बिक्री वितरणमा रोक लगाएको छ ।

यस अवधिमा जनकपुरधामको परिक्रमा क्षेत्रभित्र र परिक्रमा सडकको दायाँबायाँ मदिरा बिक्री वितरण, सेवन तथा पशुपंक्षी काट्न, माछा, मासु बिक्री वितरण, ओसारपसार गर्न निषेध गरिएको जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ ।

सूचनाको विपरित निषेधित क्षेत्रमा उक्त कार्य गरिएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने जनाइएको छ ।


## कृषक वर्गमा अनुरोध

नेपाल एक कृषि प्रधान देश भएको र खाद्यमा आत्म निर्भरता बढाउने सरकारी प्रयास स्वरुप किसानलाई विभिन्न खालेसेवा सुविधा उपलब्ध हुँदै आएको छ । समयमा वर्षा नहुँदा कयन खेत बारीहरु बाँझै छन्, नजिकै पानीको श्रोत नभएको ठाउँमा के कसरी सिँचाई गर्ने सवालमा तराईका जिल्लाहरुमा भुमिगत (जमिनमुनी) का जललाई उपभोग गर्न सकिन्छ । यसरी भुमिगत जलश्रोतबाट अधिकतम रुपमा सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले भुमिगत जलश्रोत विकास समिति महोत्तरीले धुनषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाको केहि भागमा समूहगत सिंचाई सेवा उपलब्ध गराउँदै आइरहेको छ। नजिकै पानीको मुहान नभएको ठाउँमा के कसरी सिंचाई गर्न सकिन्छ भने अधिक जानकारीका लागि तपसीलको ठेगानामा सम्पर्क राखी खाद्यमा आत्म निर्भरता बढाउन भूमिगत जलश्रोत सिंचाई प्रयोग गरौं ।

**भूमिगत सिंचाई विकास डिभिजन महोत्तरी**


# डाक्टरले मृत घोषणा गरेको १५ घण्टापछि जलाउन लैजान लागिएका प्रताप मुसहर जीवितै



**खबर दर्पण समाचारदाता**
**मंसीर २५ गते, महेन्द्रनगर**

अस्पतालले मृत घोषणा गरी १५ घण्टासम्म शवगृहमा राखेर अन्तिम दाहसंस्कारका लागि घाट लैजान लागेका एक व्यक्ति जीवितै रहेको पाइएको छ ।

विराटनगरस्थित मेट्रो न्युरो अस्पतालले मृत्यु प्रमाणपत्रसमेत बनाएर १५ घण्टासम्म शवगृहमा राखेर दाहसंस्कारका लागि पठाएका इनरुवा नगर पालिका-३ का ४५ वर्षीय प्रताप सदा मुसहरलाई घाटमा लैजान लाग्दा जीवित नै पाइएको हो ।

इनरुवाका सामाजिक व्यक्तित्व तथा प्रतापका छिमेकी पहल कटुवालका अनुसार उहाँलाई शनिबार बिहान उपचारका क्रममा मेट्रो न्युरो अस्पताल भर्ना गरिएको थियो । स्थानीय बसचोकमा आउने जाने गाडीमा सामान लोड अनलोड गरी जीविकोपार्जन गर्दै आउनुभएका सदा गाडीमा सामान लोड गर्ने क्रममा लडेर बेहोस हुनुभएको थियो । उहाँलाई तत्काल इनरुवा अस्पताल लगिएको र त्यहाँ उपचार सम्भव नहुने भन्दै विराटनगरमा रहेको कोशी अस्पताल रिफर गरिएको थियो । उपचारका क्रममा कोशी अस्पताल लगिएका सदाको टाउकोको तत्काल एमआरआई गर्नुपर्ने चिकित्सकले सुझाव दिएपछि उहाँलाई मेट्रो न्युरो अस्पतालमा भर्ना गरिएको उहाँकी श्रीमती सीता सदाले बताउनुभयो ।

शनिबार दिउँसो सो अस्पतालमा भर्ना गरिएका सदाको उपचारका क्रममा राति मृत्यु भएको अस्पतालले घोषणा गरेको थियो । उपचारका क्रममा लागेको ५० हजार रुपियाँ तिरेर शव लैजान भन्दै शवगृहमा राखिएका सदाको शव लैजान स्थानीय छिमेकी तथा आफन्तले आइतबार बिहानदेखि चन्दा र कम जुटाई अस्पताललाई तिरेर दाहसंस्कारका लागि इनरुवा ल्याइएको समाजसेवी राजेन्द्र पोखेलले बताउनुभयो ।

सदाको दाहसंस्कारका लागि उनीहरूको जातीय संस्कार र परम्परा अनुसार सबै तयार गरी मलामीसमेत जुटेर घाट लैजान लाग्दा उहाँ जीवित पाइएको समाजसेवी कटुवालले जानकारी दिनुभयो ।

अस्पतालले मृत घोषणा गरेर घर ल्याइएका सदाको दाहसंस्कारका लागि परिवार र आफन्तजनले हरियो बाँस, कात्रो, रामनामी, तिल, जौ, अबिर लगायत टीका, चुरापोते आदि सामग्री किनमेल गरिसकेका थिए । उहाँको दाहसंस्कारपछि श्रीमतीले लगाउने कपडासमेत व्यवस्था गरिसकिएको थियो ।

सबै आफन्त छरछिमेक भेला भई स्थानीय सुनसरी खोलामा दाहसंस्कारका लागि लैजान लाग्दा केही व्यक्तिले उहाँ जीवित रहेको जस्तो देखेपछि उहाँलाई पानी र दुध खुवाएको स्थानीयले बताएका थिए । त्यसपछि सदाको स्वास्थ्य सुधार हुँदै सामान्य बन्दै गएको र घरमै राखिएको समाजसेवी कटुवालले जानकारी दिनुभयो ।

अस्पतालले मृत घोषणा गरेका व्यक्ति जीवित रहेको पाइएसँगै सदाको परिवार, आफन्त, छिमेकी र सामाजिक अगुवाहरू सो अस्पताल प्रशासनसँग आक्रोशित बनेका छन् । समाजसेवी राजेन्द्र पोखेलका अनुसार मेट्रो न्युरो अस्पतालले गरेको यस किसिमको चरम लापरबाहीको विषयमा स्थानीय प्रशासन र सुरक्षा निकाय गम्भीर बनी घटनामा संलग्न व्यक्ति र अस्पतालमाथि कडा कारबाहीको माग स्थानीयले गरेका छन्।-गोरखापत्रबाट

## माइग्रेशन सर्टिफिकेट हरायो

महोत्तरी जिल्लाको गौशला नगरपालिका वडा नं. १० घर भई ऐऐ बर्दिवास नपा १४ बस्ने मिथिलेश महतोको मिति २०८०।०४।१४ गते का दिन गौशलाबाट जनकपुरधाम जाने क्रममा +2 को सिम्बोल नम्बर १८००२६५ भएको माइग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध छ ।

## राहदानी हरायो

महोत्तरी जिल्लाको बर्दिवास नपा ३ बाट जनकपुरधाम जाने क्रममा मिति २०८०।०७।०५ गते मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय मा बुझाई दिनुहुन अनुरोध छ ।

नामः लक्ष्मण बस्नेत

राहदानी नम्बरः १०२०८१२६



**ए.एस.डी. अफसेट प्रेस**

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा


- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प



- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा